जि.स.अ. : ०८२–५६०१४४
शाखा अधिकृत/सुचना : ०८२–५६११४४
फ्याक्स : ०८२–५६०१४४

# जिल्ला समन्वय समितिको कार्यालय

**घोराही, दाङ**

**५ नम्बर प्रदेश, नेपाल**

पत्रसंख्या : २०७६।०७७ (राजश्व शाखा)
चलानी नम्बर : २१२

मिति : २०७६।०५।१२

**विषयः- प्रदेश समन्वय परिषदको बैठकमा उपस्थिति सम्बन्धमा ।**

श्री स्थानिय तह सवै

दाङ ।

उपरोक्त सम्वन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ५ न. प्रदेश, बुटवलको च.न. ९९, मिति २०७६।०५।२२ को प्राप्त पत्रानुसार प्रदेश मुख्यमन्त्रिको संयोजकत्वमा रहेको प्रदेश समन्वय परिषदको बैठक तपशिलको मिति, समय स्थानमा तोकिएको कार्यक्रम-तालिकामा हुने भएकाले तँहावाट प्रमुख/अध्यक्ष र उप-प्रमुख/उपाध्यक्षलाई उपस्थितिका लागि समन्वय गरिदिनुहुन भनि लेखि आएकाले तँहावाट प्रमुख/अध्यक्ष र उप-प्रमुख/उपाध्यक्षलाई तोकिएको मिति समय र स्थानमा उपस्थितिका लागि अनुरोध छ । साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको च.न. ९९, मिति २०७६।०५।२२ को प्राप्त पत्र र कार्यक्रम तालिकाको छायाप्रति थान २ यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

**बैठकको विवरण:**

मिति : २०७६।०६।०६ गते

स्थान : होटल ड्रिमल्याण्ड, मणिग्राम रुपन्देहि

( काशीराम गैरे)
जिल्ला समन्वय अधिकारी

प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

(शासकीय सुधार तथा समन्वय महाशाखा)

मितिः २०७६/०५/२२

प.सं. ०७६/७७

च.नं. ९९

विषयः प्रदेश समन्वय परिषद्को तेस्रो बैठकमा उपस्थितिको लागि समन्वय सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै), प्रदेश नं. ५,

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने कामकारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक साधनस्रोतको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश सरकारका मन्त्रीहरु, प्रदेशको मुख्य सचिव, प्रदेश सरकारका सचिवहरु, प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, प्रदेश भित्रका नगरपालिकाका प्रमुख तथा उपप्रमुख, प्रदेश भित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षहरु सदस्य तथा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयको सचिव सदस्य-सचिव रहने गरी एक प्रदेश समन्वय परिषद् रहने र उक्त परिषदको बैठक वर्षको कम्तीमा एकपटक बस्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम यस प्रदेशको प्रदेश समन्वय परिषद्को तेस्रो बैठक संलग्न कार्यक्रम-तालिका बमोजिम देहाय बमोजिमको मिति र स्थानमा आयोजना गर्ने निर्णय (मा. मुख्यमन्त्रीस्तर) भएकोले उक्त बैठकमा जिल्लाका सबै स्थानीय तहका प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षको उपस्थितिका लागि समन्वय गरिदिनुहुन निर्णयानुसार अनुरोध गर्दछु ।

बैठकको विवरण

मितिः २०७६/०६/०६ गते, सोमबार

स्थानः होटल ड्रिमल्याण्ड, मणिग्राम रुपन्देही ।

(ज्ञानहरी घिमिरे)

उपसचिव

संलग्नः

बैठकको कार्यक्रम तालिका

# प्रदेश समन्वय परिषद्को तेस्रो बैठकको कार्यक्रम-तालिका (मस्यौदा)

अनुसूची -२

| क्र.स. | कृयाकलाप | समय | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १ | ब्रेकफास्ट /रजिष्ट्रेशन | ७:३० | ८:०० |
| शुभारम्भ सत्र | | | |
| २ | आसन ग्रहण | ८:०० | ८:१० |
| ३ | उद्देश्य माथि प्रकाश पार्दै स्वागत मन्तव्य | ८:१० | ८:२० |
| ४ | राष्ट्रिय गान | ८:२० | ८:२५ |
| ५ | सुभारम्भ मन्तव्य र एजेण्डा प्रस्तुती | ८:२५ | ८:४५ |
| दोस्रो सत्र | | | |
| ६ | प्रदेश भित्र सुशासन र सेवा प्रवाहमा प्रदेश तथा स्थानीय तहबीचको समन्वयसम्बन्धी प्रस्तुती (मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय) | ८:४५ | ९:०५ |
| ७ | प्रदेश र स्थानीय तहका आवधिक योजना तथा कार्यक्रमबीचमा अन्तरसम्बन्ध र जिल्लागत वस्तुस्थिति विवरणसम्बन्धी प्रस्तुती (प्रदेश योजना आयोग) | ९:०५ | ९:२५ |
| | चिया | ९:२५ | ९:४० |
| ८ | प्रदेश र स्थानीय तहको राजस्व प्रणाली तथा राजस्व बाँडफाँड, समानीकरण, सशर्त, समपूरक, विशेष अनुदान लगायतका विषयमा प्रस्तुती (आर्थिक मामिला तथा योजना मन्त्रालय) | ९:४० | १०:०० |
| ९ | प्रदेश र स्थानीय तहबीच कानूनी, आर्थिक र प्रशासनिक लगायतका विषयमा हुनुपर्ने समन्वय सम्बन्धी प्रस्तुती (विज्ञ) | १०:०० | १०:३० |
| १० | खुला छलफल | १०:३० | १३:०० |
| ११ | दिवा खाना | १३:०० | १४:०० |
| समापन सत्र | | | |
| १२ | निर्णयको मस्यौदा प्रस्तुती र अनुमोदन | १४:०० | १४:१५ |
| १३ | सहभागीहरूको तर्फबाट मन्तव्य | १४:१५ | १५:०० |
| १४ | माननीय मुख्यमन्त्रीबाट धन्यवाद सहित समापन मन्तव्य | १५:०० | १५:३० |
| १५ | हाईटी | १५:३० | क्रमश.. |